**आकाशवाणी समाचार- नेपाली**
**मितिः २२ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- पश्चिम बंगालको प्रथम चरण अनि तमिलनाडुको विधानसभा चुनावका लागि भोली मतदान हुने छ। स्वतंत्र, निस्पक्ष र शान्तिपूर्ण मतदानका लागि चुनाव आयोगले सबै तैयारीहरू पुरा गरेको छ।

- अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम अनिश्चितकालीन रूपमा बढाउने घोषणा गर्नु भएको छ।

- रक्षा मन्त्री राजनाथ सिंहले आत्मनिर्भर भारत सह-निर्माण, सह-विकास र सह-नवप्रवर्तनको लागि एउटा खुला निमन्त्रण हो भनि बताउनु भएको छ।

- रक्षा प्रमुख जनरल अनिल चौहानले ब्रिटेनमा रक्षा उद्योगका प्रतिनिधिहरूसँग भेट गर्नु भयो र रक्षा सहयोग बढाउने आवश्यकतामाथि जोड दिनु भयो।

- आइपीएलमा हिजो सनराइजरले दिल्ली क्यापिटललाई 47 रनले पराजित गर्यो। महिला टी-20 मा आज भारतको मुकाबिला दक्षिण अफ्रिका संग हुने छ।

**<u>पश्चिम बंगाल - प्रथम चरण मतदान</u>**

पश्चिम बङ्गालमा पहिलो चरणमा 16 जिल्लाका 152 सिटहरुको लागि भोलि मतदान हुँदैछ। हाम्रो संवाददाताले खबर दिएको छ कि यस चरणका लागि एक हजार चार सय अठहत्तर उम्मेदवारहरू चुनावी मैदानमा छन्। विधानसभा चुनावको दोस्रो चरणको मतदान 29 अप्रैलमा हुनेछ ।दोश्रो चरणको चुनाव प्रचारको लागि भाजपाका वरिष्ठ नेता तथा केंद्रीय गृहमंत्री अमित शाहले आज पार्टी उम्मीदवारहरुको समर्थनमा पश्चिम बंगालको धेरै स्थानमा चुनाव प्रचार गर्नु हुनेछ । उहाँले आज दिउसो उत्तर 24 परगनाको दमदम अनि हाबरा तथा हुगलीको सप्तग्राममा जनसभालाई संबोधन गर्नु हुनेछ अनि साझमा सोनारपुरमा रोड शोमा भाग लिनु हुनेछ ।

उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथ पनि आज चुनाव प्रचारको लागि पश्चिम बंगल पुग्नु हुनेछ । उहाँले हावड़ाको जोरासांको, चकदाहा अनि उदयनारायणपुरमा र्यालली गर्नु हुनेछ । असमका मुख्यमंत्री हिमंता बिस्वा सरमाले कलना अनि बोंगाँव दक्षिणमा जनसभाहरुलाई सम्बोधन गर्नुहुनेछ अनि साझमा बर्धमानमा रोड शो गर्नु हुनेछ ।

**<u>तमिलनाडु विधानसभा चुनाव</u>**

तमिलनाडुमा राज्यको सबै 234 विधानसभा सीटहरूमा भोली एकै चरणमा मतदान हुनेछ। हाम्रासंवाददातालेबताएका छन् कि राज्यमा 5 करोड़ 73 लाख 43 हजार भन्दा अधिक मतदाताहरूले मताधिकारको प्रयोग गर्न पाउने छन्।

**<u>ट्रम्प-युद्धविराम विस्तार</u>**

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम अनिश्चितकालीन रूपमा बढाउने घोषणा गर्नु भएको छ। उहाँले दुई देशबीच शान्ति वार्ता जारी राख्न यो कदम चालिएको बताउनु भएकोछ। अमेरिका र इरानबीचको दुई हप्ताको युद्धविराम आज समाप्त हुन गइरहेको थियो।राष्ट्रपति ट्रम्पले पाकिस्तानको अनुरोधमा यो निर्णय गरिएको बताउनु भएको छ। उहाँले इरानले संयुक्त प्रस्ताव प्रस्तुत नगरेसम्म इरानी बन्दरगाहहरूको नाकाबन्दी जारी रहने पनि बताउनु भएको छ।यद्यपि, राष्ट्रपति ट्रम्पको घोषणालाई एकतर्फी मानिएको छ; इरान र इजरायल यसमा सहमत हुनेछन्

कि छैनन् भन्ने कुरा अझै स्पष्ट छैन। इरानबाट कुनै आधिकारिक प्रतिक्रिया आएको छैन, तर तस्निम समाचार एजेन्सीले गरेको रिपोर्ट अनुसार इरानले युद्धविरामको अवधि बढाउन माग गरेको छैन र बल प्रयोग गरेर नाकाबन्दी तोड्ने धम्की दोहोऱ्याएको छ। यसैबीच, अमेरिकाले हतियार खरिद र आपूर्ति सञ्जालमा संलग्न व्यक्तिहरू सहित इरानसँग सम्बन्धित १४ व्यक्ति, संस्था र विमानहरूमाथि प्रतिबन्ध लगाएको छ।

**रक्षा मंत्री – जर्मनी दौरा**

रक्षा मन्त्री राजनाथ सिंहले आत्मनिर्भर भारत सह-निर्माण, सह-विकास र सह-नवप्रवर्तनको लागि एउटा खुला निमन्त्रण हो भनि बताउनु भएको छ। उहाँले भारत र जर्मनीको रक्षा उद्योगहरू बीचको सहयोग बढाउने आवश्यकतामा जोड दिनु भयो।जर्मनीको आफ्नो तीन दिने भ्रमणको पहिलो दिन जर्मन संसदको रक्षा र सुरक्षा समितिलाई सम्बोधन गर्दै उहाँले भन्नु भयो कि आज विश्वले नयाँ सुरक्षा चुनौतीहरूको सामना गरिरहेको छ र प्राविधिक प्रगतिले परिस्थितिलाई अझ जटिल बनाएको छ। उहाँले परिवर्तनशील वातावरणमा अनुकूलन गर्न नयाँ दृष्टिकोणको आवश्यकतामा जोड दिनु भयो।रक्षामन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतको रक्षा क्षेत्र अभूतपूर्व रूपान्तरणबाट गुज्रिरहेको र जर्मनीसँगको साझेदारीले दुवै देशलाई महत्वपूर्ण फाइदा पुऱ्याउन सक्ने बताउनु भएको छ।उहाँले भारत र जर्मनी रणनीतिक साझेदार मात्र नभई विश्वव्यापी मुद्दाहरूमा प्रभावशाली आवाज पनि भएको बताउनु भयो।भ्रमणको क्रममा, श्री सिंहले जर्मन रक्षामन्त्री र अन्य वरिष्ठ नेताहरूसँग द्विपक्षीय वार्ता गर्नेछन्। रक्षा औद्योगिक सहयोग ढाँचा र संयुक्त राष्ट्र शान्ति स्थापना कार्यहरूको लागि प्रशिक्षणमा सहयोग सम्बन्धी सम्झौताहरूमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ।

**पहलगाम आतंकी हमला**

जम्मू-कश्मीरको पहलगाममा भएको आतंकी हमलेको हिजो पहिलो बार्सीकी थियो। विगत वर्ष यसै दिन, पहलगाममा आतंकवादिहरूले 26 निर्दोष मानिसहरू, जसमा धेरै पर्यटक थिए, को हत्या गरिएको थियो। यस जघन्य कृत्यले सारा देशलाई हल्लाइ दिएको थियो अनि दुनिया भरका सरकारहरूले र नेताहरूले यसको कड़ा निंदा गरेका थिए।

भारतीय सेनाले सोशल मीडिया पोस्टमा आतंकवादिहरूलाई चेतावनी दिन्दै संदेश साझा गरेको छ कि जब मानवताको सीमालाई उलंघन गरिन्छ, भने जवाफ निर्णायक हुन्छ। पहलगाम आतंकी हमलाको जवाफमा, भारतीय सशस्त्र बलहरूले गत वर्ष 6 र 7 मई को राती 'ऑपरेशन सिंदूर' शुरू गरेको थियो।

हमारे संवाददाता की रिपोर्ट.....

(अपरेशन सिन्दूर नियन्त्रण रेखा पार गरि पाकिस्तान भित्र रहेका आतंकवादी पूर्वाधारहरूलाई ध्वस्त पार्न दण्डात्मक र लक्षित अभियानको रूपमा परिकल्पना गरिएको थियो। यस अन्तर्गत, भारतीय सशस्त्र बलले गरेको सुव्यवस्थित हमलाले पाकिस्तान र पाकिस्तानले-कब्जा गरेको जम्मू-कश्मीर (PoJK) मा नौ आतंकवादी शिविरहरूमाथि सटीक रूपमा हमला गरिएको थियो, जसमा १०० भन्दा बढी आतंकवादीहरू, उनीहरूका प्रशिक्षकहरू, ह्यान्डलरहरू र सहयोगीहरू मारिएका थिए। धेरैजसो आतंकवादीहरू जैश-ए-मोहम्मद, लश्कर-ए-तैयबा र हिजबुल मुजाहिदीन जस्ता संगठनहरूसँग सम्बन्धित थिए। अपरेशनले आतंकवादीहरू र उनीहरू लुक्ने ठाउँहरूमा अधिकतम क्षति पुऱ्यायो, र नागरिक जनसंख्यालाई न्यूनतम क्षति पुऱ्यायो। अपरेशनले जमिन, हावा र समुद्रमा उच्च-परिशुद्धता, समन्वित सैन्य कारबाहीको लागि भारतको क्षमता प्रदर्शन गऱ्यो। रक्षा तयारीमा वर्षौंको लगानी र सरकारको अटल नीति र बजेट समर्थनले यो अपरेशन सम्भव भएको हो। अपरेशन सिन्दूर भारतको रक्षा इतिहासमा एक परिभाषित क्षणको रूपमा सम्झिनेछ - सैन्य परिशुद्धता, अन्तर-सेवा सहयोग र राष्ट्रिय संकल्पको प्रतीक हो। यसले आतंकवादी खतराहरूलाई सफलतापूर्वक समाप्त गर्यो, भारतको क्षेत्रीय प्रभुत्वलाई पुन: पुष्टि गर्यो, र सीमापार आतंकवादलाई एक निश्चित तर दृढ प्रतिक्रियाको साथ सामना गरिनेछ भन्ने बलियो सन्देश पठायो। आनन्द कुमार का साथ अशोक चौरसिया, आकाशवाणी समाचार । )

**प्रमुख रक्षा अध्यक्ष-ब्रिटेन**

रक्षा प्रमुख जनरल अनिल चौहानले ब्रिटेनमा रक्षा उद्योगका प्रतिनिधिहरूसँग भेट गर्नु भयो र रक्षा सहयोग बढाउने आवश्यकतामाथि जोड दिनु भयो।उहाँले भन्नु भयो राम्रो आर्थिक सहयोगले रक्षा उत्पादन, प्रविधि आदानप्रदान र आपूर्ति शृङ्खलालाई बलियो बनाउनेछ। उहाँले महत्वपूर्ण प्रविधिहरूको सह-डिजाइन, सह-विकास र सह-उत्पादनको आवश्यकतामा पनि जोड दिनु भयो।रक्षा प्रमुखले हिजो ब्रिटेनको लन्डनको कन्स्टिट्यूशन हिलमा रहेको मेमोरियल गेट्समा माल्यार्पण गरी शहीद सैनिकहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। जनरल चौहानले बेलायतकी इन्डो-प्यासिफिक राज्यमन्त्री सीमा मल्होत्रासँग पनि भेट गर्नु भयो र प्रमुख अधिकारीहरू, विचारकहरू र बुद्धिजीवीहरूसँगको गोलमेज सम्मेलनमा भाग लिनु भयो।

**उत्तराखंड-केदारनाथधाम**

**उत्तराखंडमा** केदारनाथ धामको कपाट श्रद्धालुहरुको निम्ति आज खुल्ने छ। उत्तराखंडमा रुद्रप्रयागका जिल्ला मजिस्ट्रेट विशाल मिश्राले प्रशासनले यात्राको सबै तयारी गरिएको बताउनु भएको छ।

बद्रीनाथ धामको कपाट श्रद्धालुहरुको लागि भोलि खोलिनेछ। जिल्ला अनि पुलिस प्रशासनले सुचारू अनि सुरक्षित तीर्थयात्राको लागि व्यापक प्रबंध गरेको बताइएको छ।

**आईपीएल-क्रिकेट**

आईपीएल क्रिकेटमा हिज राति हैदराबादमा सनराईजर्स हैदराबादले डेल्ही कैपिटल्सलाई 47 रनले पराजित गरेको छ। सनराईजर्स हैदराबादको 243 रनको लक्ष्यको जवाबमा दिल्लीको टीम 9 विकेटमा 195 रन मात्र बनाउन सफल बन्यो। अभिषेक शर्मालाई नाबाद 135 रनको पारीको लागि **प्लेयर ऑफ द मैच** चुनिएको थियो। प्रतियोगितामा आज लखनऊ सुपर जायंट्सको सामना राजस्थान रॉयल्स सित हुनेछ। लखनऊमा यो म्याच साझ साढ़े सात बज़े खिलिनेछ।

**महिला टी-20 क्रिकेट**

महिला टी-20 क्रिकेटमा आज भारतको मुकाबिला दक्षिण अफ्रीका सित हुनेछ। जोहान्सबर्गमा पांच म्याचको श्रृंखलाको तेस्रो मुकाबिला आज भारतीय समय अनुसार राती साढ़े नौ बजे सुरु हुनेछ।

***************